भोटेकोशी गाउँपालिका
लिस्टीखर्क, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# भोटेकोशी गाउँपालिकाको आर्थिक ऐन २०७८

## भोटेकोशी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः भोटेकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भोटेकोशी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन,२०७८" रहेको छ ।
(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि भोटेकोशी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति कर : गाउँपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत) : गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर : गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि ९ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

राजकुमार पौडेल
अध्यक्ष

११. ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची १० बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. प्राकृतिक श्रोत उपयोग शुल्क : गाउपालिकाको शहरी क्षेत्रमा सँचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सँचालनले वजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको सँविधानको अनुसुचि ८ को खण्ड १० मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि यस ऐनको अनुसुची १२ मा उल्लेखित दरमा प्राकृतिक श्रोत उपयोग शुल्क लगाउन सक्नेछ ।

१४. पर्यटनशुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. बहाल बिटौरी शुल्क : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची १४ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

राजकुमार पौडेल
अध्यक्ष

अनुसूची १

घरधुरी कर

| सि नं | मुल्यांकन | आ व २०७८/०७९को दररेट |
| --- | --- | --- |
| १ | टिनको वा काठको छाना भएको | ५० |
| २ | एक तले पक्की घर | १०० |
| ३ | दुई तले पक्की घर | १५० |
| ४ | तीन तले पक्की घर | २०० |

अनुसूची २

मालपोत तथा भूमिकर

| सि नं | जग्गाको किसिम | आ व २०७८।०७९ को दर रेट |
| --- | --- | --- |
| १ | अब्बल १ रोपनी सम्म | १२ |
| २ | दोयम १ रोपनी सम्म | १० |
| ३ | सीम १ रोपनी सम्म | ७ |
| ४ | चाहार १ रोपनी सम्म | ५ |

नोट : माथिल्लो सबै जग्गाको किसिममा न्युनतम रु २५ लिईनेछ ।

अनुसूची ३

घर बहाल कर

आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीबाट बहाल रकमको १० प्रतिशत बहाल कर लिईने छ ।

अनुसूची ४

व्यवसाय कर

| सि नं | व्यसाय दर्ता तथा नवीकरण | दर रेट २०७८।०७९ |
| --- | --- | --- |
| | व्यवसायको किसिम | |
| | मदिरा पसल | |
| १ | आधुनिक शिल भएको मदिरा डिलर | ५००० |
| २ | डिलर नभएको थोक मदिरा पसल | १००० |

| | | |
|---|---|---|
| ३ | मदिरा पसल खुद्रा | ५०० |
| | मिष्ठान्न भण्डार | |
| १ | ठुलो मिष्ठान्न भण्डार | १००० |
| २ | सानो मिष्ठान्न भण्डार | ५०० |
| | सुनचादी पसल | |
| १ | सोरुम बनाई बिक्रि वितरण गर्ने | २००० |
| २ | साना सुनचादी पसल | १५०० |
| | होटल व्यवसाय | |
| १ | ५ तारे होटल | २०००० |
| २ | ४ तारे होटल | १५००० |
| ३ | ३ तारे होटल | १०००० |
| ४ | होटल, बार, लज | ५००० |
| ५ | रिसोर्ट क श्रेणी | १०००० |
| ६ | रिसोर्ट ख श्रेणी | ५००० |
| | वित्तीय संस्था | |
| १ | शाखा कार्यालय क वर्ग | २५००० |
| २ | शाखा कार्यालय ख वर्ग | २०००० |
| ३ | विकास बैंक प्रधान कार्यालय | १५००० |
| ४ | साना लघु वित्तीय संस्था | १०००० |
| ५ | बीमा कम्पनी | ५००० |
| ६ | सटही काउन्टर | १०००० |
| ७ | सहकारी संस्था | २००० |
| ८ | मनी ट्रान्सफर | १००० |
| | मासु पसल | |
| १ | खसी रौंगा | १००० |
| २ | शहरी क्षेत्रमा फ्रिजिङ गरी व्यवस्थित रुपले सन्चालित फ्रेश हाउस | १५००० |
| ३ | शहरी क्षेत्रमा व्यवस्थित रुपले सन्चालित फ्रेश हाउस | १००० |
| ४ | साधारण फ्रेस हाउस | ५०० |
| ५ | अन्य मासु पसल | ५०० |
| | स्वास्थ्य सेवा | |

| | | |
|---|---|---|
| १ | गैर सरकारी अस्पताल १० वेड सम्म | ५००० |
| २ | गैर सरकारी अस्पताल १० वेड माथि | ७००० |
| ३ | डाक्टर सेवा क्लिनिक | ३००० |
| ४ | ल्याव सेवा | १००० |
| | **शिक्षा सेवा व्यवसाय नीजि स्तर** | |
| १ | आधारभूत स्तर | २५०० |
| २ | मा. वि. स्तर | ५००० |
| ३ | प्राविधक स्तर | २००० |
| | **कानुनी सेवा** | |
| १ | बरिष्ठ अधिवक्ता | ३००० |
| २ | अधिवक्ता | १५०० |
| ३ | कानुनी परामर्श सेवा | १५०० |
| ४ | लेखापढी व्यवसाय | १००० |
| ५ | लेखापरीक्षण क वर्ग | ३००० |
| ६ | लेखापरीक्षण ख वर्ग | १५०० |
| ७ | लेखापरीक्षण ग।घ वर्ग | १००० |
| | **निर्माण व्यवसायी फर्म** | |
| १ | क वर्ग | २५००० |
| २ | ख वर्ग | २०००० |
| ३ | ग वर्ग | १५००० |
| ४ | घ वर्ग | १२००० |
| ५ | घ वर्ग नवीकरण | १०००० |
| ६ | शाखा कार्यालय निर्माण व्यवसायी | ५००० |
| | **उध्योग व्यवसाय तर्फ** | |
| १ | खाद्य उद्योग ५ लाख सम्म | १००० |
| २ | खाद्य उद्योग ५ लाख देखी १५ लाख सम्म | १५०० |
| ३ | खाद्य उद्योग १५ देखि २५ लाख सम्म | ५००० |
| ४ | खाद्य उद्योग २५ लाख माथि | १०००० |
| | **एक भन्दा बढी सामान बिक्री वितरण गर्ने पसलको लागि** | |
| १ | अधिकृत पूजी १ लाख सम्म | १००० |

| | | |
|---|---|---|
| २ | अधिकृत पूजी ५ लाख सम्म | १५०० |
| ३ | अधिकृत पूजी १० लाख सम्म | २००० |
| ४ | अधिकृत पूजी २० लाख सम्म | २५०० |
| ५ | अधिकृत पूजी २० लाख माथि | ५००० |
| ६ | चाउमीन उद्योग | १५०० |
| ७ | पाउरोटी उद्योग | १५०० |
| ८ | आइसक्रिम उद्योग | १५०० |
| ९ | मसला पिस्ने उद्योग | १००० |
| १० | कृषी सम्बन्धी फर्म तथा व्यवसाय | १००० |
| ११ | माछा पालन व्यवसाय | २००० |
| १२ | कुटानी। तेल मिल | १००० |
| १३ | पानी उद्योग | ५००० |
| | अन्य पसल | |
| १ | तरकारी पसल थोक | १००० |
| २ | तरकारी तथा फलफूल खुद्रा पसल | ५०० |
| ३ | फलफूल थोक | ६०० |
| ४ | फलफूल खुद्रा | ३०० |
| ५ | डिलर भएको किराना पसल | २००० |
| ६ | थोक किराना पसल | १५०० |
| ७ | खुद्रा किराना पसल | १००० |
| ८ | हेयर कटिङ शैलुन | १००० |
| ९ | ब्युटी पार्लर | १००० |
| १० | जुत्ता बनाई विक्री गर्ने पसल | १००० |
| ११ | जुत्ता पसल थोक | १५०० |
| १२ | साधारण जुत्ता पसल | १००० |
| १३ | प्लाष्टिक जुत्ता चप्पल केन्द्र | १००० |
| १४ | प्लाष्टिक जुत्ता चप्पल खुद्रा | ५०० |
| १५ | भाँडा पसल थोक | २००० |
| १६ | भाँडा पसल खुद्रा | १००० |
| १७ | पान पसल | ३०० |
| | फेन्सी पसल | |
| १ | फेन्सी पसल ५ लाख सम्म | |

| | | |
|---|---|---|
| | | १००० |
| २ | फेन्सी पसल ५ देखि १५ लाख सम्म | १५०० |
| ३ | फेन्सी पसल १५ देखि २५ लाख सम्म | २५०० |
| ४ | फेन्सी पसल २५ लाख माथि | ५००० |
| ५ | कपडा पसल थोक | २००० |
| ६ | कपडा पसल खुद्रा | १००० |
| ७ | स मिल | ५००० |
| ८ | हेण्ड स आरो | १००० |
| ९ | फर्निचर उद्योग सो रूम | २००० |
| १० | साधारण फर्निचर, प्लाईउड तथा शिसा पसल, | १००० |
| ११ | बेतबास फर्निचर पसल | ५००० |
| १२ | लघु उद्यम हस्तकला उद्योग | ५०० |
| १३ | छड, सिमेन्ट, पेन्ट डिलर | १०००० |
| १४ | छड, सिमेन्ट पसल | ५००० |
| १५ | पेन्ट पसल | २००० |
| १६ | फलाम र सो सम्बन्धी सधारण पसल | २००० |
| १७ | टीभी फ्रीज समेत भएको इलेक्ट्रीकल पसल | २००० |
| १८ | इलेक्ट्रोनिक्स पसल | १५०० |
| १९ | इलेक्ट्रोनिक्स सामाग्री मर्मत तथा विक्री पसल | १००० |
| २० | रेडियो, घडी, टीभी, मर्मत तथा विक्री पसल | १००० |
| २१ | कृषी सामाग्री विक्रि पसल डिलर समेत भएको | १००० |
| २२ | खुद्रा कृषी सामाग्री विक्री पसल | ५०० |
| २३ | पुस्तक तथा स्टेसनरी पसल | १५०० |
| २४ | छापाखाना प्रेस | २००० |
| २५ | कागज उद्योग | १०००० |
| २६ | प्लाष्टिक पसल थोक | २००० |
| २७ | खुद्रा प्लाष्टिक पसल | १००० |
| २८ | औषधी पसल | २००० |
| २९ | खुद्रा औषधी पसल | १५०० |
| ३० | फोटो स्टुडियो भिडियो ग्राफी सहित | १००० |
| ३१ | फोटो स्टुडियो | ५०० |
| [illegible] | पेट्रोल पम्प | ५००० |

| | | |
|---|---|---|
| ३३ | कलर ल्याव | २५०० |
| ३४ | कम्प्यूटर तालीम केन्द्र, भाषा शिक्षण केन्द्र र ड्राइभिङ सेन्टर | १५०० |
| ३५ | कम्प्यूटर मर्मत केन्द्र | १००० |
| ३६ | एफ. एम रेडियो प्रशारण | ५००० |
| ३७ | सामुदायिक रेडियो प्रशारण | १५०० |
| ३८ | मोटर साइकल वर्कसप | १५०० |
| ३९ | साइकल मर्मत पसल | ५०० |
| ४० | सवारी साधन बडी बनाउने कारखाना | २००० |
| ४१ | सवारी साधन मर्मत पसल | १५०० |
| ४२ | अन्य सवारी साधन मर्मत | १५०० |
| ४३ | ग्रील उद्योग | ३००० |
| ४४ | टायर थोक पसल | ५००० |
| ४५ | ट्युव मर्मत तथा हावा भर्ने पसल | ५०० |
| ४६ | कवाडी सामान संकलन पसल | २००० |
| ४७ | पुल स्नुकर | १५०० |
| ४८ | जिम हाउस | २००० |
| ४९ | श्रृङगार पसल, ब्युटी पार्लर तालिम केन्द्र | २००० |
| ५० | ढुवानी सेवा | २००० |
| ५१ | यातायात सेवा | ५००० |
| ५२ | संचार सेवा व्यवसाय | १५०० |
| ५३ | फोटोकपी | ५०० |
| ५४ | परामर्श शेवा ईन्जिनियरिङ कम्पनी | ५००० |
| ५५ | ईन्जिनियरिङ कन्सल्टेन्सी | ५००० |
| ५६ | टीनको बाकस सामाग्री बनाउने कम्पनी | २००० |
| ५७ | चश्मा पसल | १००० |
| ५८ | टाक धागो पसल | ५०० |
| ५९ | बुटीक पसल | १००० |
| ६० | डेन्टल सर्भिस | १५०० |
| ६१ | सुनचादी खार्ने पसल | १००० |
| ६२ | सफ्ट ड्रिङ पसल थोक | ५००० |
| ६३ | कोल्ड ड्रिङ पसल खुद्रा | १००० |

| | | |
|---|---|---|
| ६४ | पेन्टिङ पसल | १००० |
| ६५ | टेन्ट हाउस | २००० |
| ६६ | ट्राभल एजेन्सी | ३००० |
| ६७ | ग्यास पसल | १००० |
| ६८ | मम, सकुटी पसल | ५०० |
| ६९ | सिरक डसना पसल | ५०० |
| ७० | मोबाईल फोन मर्मत तथा पसल | २००० |
| ७१ | लेथ, सवारीको ब्याट्री, सवारी इलेक्ट्रिक पसल, लुब्रकेन्ट तथा सवारी साधनका पार्टपुर्जा भएको पसल | २००० |
| ७२ | डिस्टीलरी उद्योग | २०००० |
| ७३ | डेरी उद्योग | २००० |
| ७४ | कुखुरा फर्म | १००० |
| ७५ | नर्सरी फर्म | १००० |
| ७६ | धातुका मुर्ती बनाउने पसल | १००० |
| ७७ | स्टिल फर्निचर उद्योग | २००० |
| ७८ | इटा उद्योग | १०००० |
| ७९ | टायल, ब्लक, रिङ लगायतका सेनेटरी उद्योग | २००० |
| ८० | साना उद्योग ५० लाख भन्दा कम पुजी भएको | ५००० |
| ८१ | मझौला उद्योग ५० लाख देखि ५ करोड सम्म | २०००० |
| ८२ | ठुला उद्योग ५ करोड भन्दा माथि | ५०००० |
| ८३ | दुध खरीद बिक्री केन्द्र | १००० |
| ८४ | सो रूम सवारी साधन | ५००० |

अनुसूची ५

जडीबुटी, कवाडी र जीवजन्तु कर

| सि नं | विवरण | आ व २०७८।०७९ को दररेट प्रति के.जि/लि |
|---|---|---|
| १ | कवाडी सामाग्री संकलन तथा नीकासी प्रति के. जी | ५.०० |
| २ | वन्यजन्य काठ प्रति क्यु फिट | ३.०० |
| ३ | ढुङ्गा स्लेट पत्रे ढुङ्गा प्रति स्क्वाएर फिट उत्खनन र निकाशी | ९.०० |
| ४ | यार्शा गुम्बा प्रति के.जी | १५,०००.०० |

| | | |
|---|---|---|
| ५ | चीज प्रति के.जी | ५.०० |
| ६ | घीउ छुर्पी प्रति के. जी | ५.०० |
| ७ | भीर मौरीको मह प्रति लि | १००.०० |
| ८ | अलैची प्रति के जी | ५.०० |
| ९ | चीराईतो प्रति के जी | ५.०० |
| १० | सतुवा | ५.०० |
| ११ | लोक्ता | ५.०० |
| १२ | अर्गेली | ५.०० |
| १३ | अल्लो | ५.०० |
| १४ | अल्लो धागो | ५.०० |
| १५ | लोठ सल्लो | ५.०० |
| १६ | अम्रीसो | ५.०० |
| १७ | चाबो | ५.०० |
| १८ | पिप्ला | ५.०० |
| १९ | पाखमबेद | ५.०० |
| २० | कुरीलो | ५.०० |
| २१ | मजिटो | ५.०० |
| २२ | नागबेली | ५.०० |
| २३ | देब्रे लहरा | ५.०० |
| २४ | ठुलो ओखती | ५.०० |
| २५ | खोटो | ५.०० |
| २६ | धुपी | ५.०० |
| २७ | तितेपाती | ५.०० |
| २८ | पदमचाल | ५.०० |

अनुसूची ६

सवारी दर्ता तथा नवीकरण

| सि नं | शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | भाडाका कार, जीप, ट्रयाक्टर, मिनिबस | ५०० |
| २ | बस, ट्रक, लहरी तथा हेभी सवारी साधन | ५०० |
| ३ | निजी कार, जीप तथा अन्य | ५०० |

| | | |
|---|---|---|
| ४ | मोटरसाईकल, स्कुटर तथा अन्य सवारी | १०० |
| ५ | ठेला | १० |

अनुसूची ७

विज्ञापन कर

| सि नं | शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | होर्डिङ बोर्ड, व्यानर, व्यवसायिक विज्ञापन, ५ वर्ग फिट सम्मको, ५ वर्ग फिट भन्दा ठूलोको हकमा प्रति वर्ग फिट रु ५० को दरले थपिने छ । | वार्षीक ३०० |
| २ | अस्थायी रुपमा व्यवसायिक दृष्टीकोणले राखेको होर्डिङ बोर्ड व्यानर | प्रतिदिन २०० |
| ३ | अस्थायी रुपमा व्यवसायिक दृष्टीकोणले राखेको आयल सप्लायर्स होर्डिङ बोर्ड | प्रतिदिन १००० |
| ४ | व्यवसायीक दृष्टीकोणले माईकिङ गर्दा | प्रतिदिन १०० |

अनुसूची ८

मनोरञ्जन शुल्क

| सि नं | शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, थिएटर | टिकटको ५ प्रतिशत |
| २ | चलचित्र सुटिङ | रु २०० प्रतिदिन |
| ३ | जादु, सर्कश, चटक शुल्क | १००० हजार प्रतिदिन |
| ४ | डिक्स तथा व्यापारिक केवल नेटवर्क | वार्षीक १५०० |

अनुसूची ९

पार्किङ शुल्क, पटके प्रवेश शुल्क

| सि नं | शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | मोटर साईकल | ५ |
| २ | हलुका सवारी साधन | २० |
| ३ | हेभी सवारी साधन | ३० |
| ४ | हलुका सवारी साधन अरनिको हाईवे देखि गाँउपालिकाका सडकमा प्रवेश पटके शुल्क | १०० |

| | | |
|---|---|---|
| ५ | हेभी सवारी साधन अरनिको हाईवे देखि गाँउपालिकाका सडकमा प्रवेश पटके शुल्क | १५० |

नोट : यस अनुसूचीमा उल्लेखित रकम ठेक्का बन्दोबस्त गरी उठाईनेछ ।

## अनुसूची १०

### ट्रेकिङ, कायोकिङ, क्यानोनिङ, बन्जी जम्पिङ, जीपफ्लायर, याफ्टिङ, प्यारागलाईडिङ शुल्क

| सि नं | शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | ट्रेकिङ, कायोकिङ, क्यानोनिङ, बन्जी जम्पिङ, जीपफ्नायर, याफ्टिङ, प्यारागलाईडिङ दर्ता सिफारिस शुल्क | ५००० |
| २ | गाँउपालिकाको आर्थिक सामाजिक सहयोग शुल्क | ० |

## अनुसूची ११

### कार्यालयबाट दैनिक संकलन हुने कर, दस्तुर, सिफारिस र सेवा शुल्क सम्बन्धी विवरण

| सि नं | शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | सर्जमिन दस्तुर | १०० |
| २ | जग्गा छुटाउने दस्तुर | २०० |
| ३ | घरबाटो प्रमाणित फिल्ड नीरीक्षण दस्तुर | २०० |
| ४ | अरनिको राजमार्गले छोएको | ५०० |
| ५ | ग्राभेल बाटोले छोएको | २०० |
| ६ | बाटो नभएको | १०० |
| ७ | अनुभव प्रमाणित दस्तुर | १०० |
| ८ | मिलापत्र शुल्क दुबै पक्ष सँग आधा आधा | ५०० |

| | | |
|---|---|---|
| ९ | रकम कलम उठाइदिए वापत सयकडा | उठाएको रकमको १ प्रतिशत |
| १० | जग्गाको रोक्का सिफारिस | १०० |
| ११ | सिफारिस प्रमाणित दस्तुर | ५० |
| १२ | फोटो प्रमाणित प्रति पेज | १० |
| १३ | निजी स्तरको विद्यालय स्थापना सिफारिस दस्तुर | ५००० |
| १४ | निजी कक्षा स्तरोन्नती सिफारिस दस्तुर | २००० |
| १५ | निबेदन/टिकट | १० |
| १६ | पेट्रोल पम्प निर्माण दर्ता सिफारिस | १०००० |
| १७ | नेपाली नागरिकता सिफारिस | १०० |
| १८ | नेपाली नागरिकता प्रतिलिपि सिफारिस | १०० |
| १९ | चारकिल्ला प्रमाणित दस्तुर | १०० |
| २० | विद्युत सिफारिस | ५० |
| २१ | घरेलु विद्युत लाइन सिफारिस | ५० |
| २२ | उद्योगमा विद्युत लाइन जडान सिफारिस प्रति अश्व शक्ति | १०० |
| २३ | ठुला उद्योगमा विद्युत लाईन जडान सिफारिस | १०००० |
| २४ | मझौला उद्योगमा विद्यत लाइन जडान सिफारिस | ५००० |
| | पेन्शन सिफारिस | |
| १ | ब्रिटिस/तेश्रो मुलुक | २००० |
| २ | भारतीय | ५०० |
| ३ | नेपाली पेन्शन | १०० |
| | विभिन्न सिफारिस | |
| १ | अविवाहित/विवाहित प्रमाणित | ५० |
| २ | आदिवासी जनजाति | ५० |
| ३ | चालचलन प्रमाणित | ५० |
| ४ | जन्म प्रमाणित | ५० |
| ५ | अन्य प्रमाणित | ५० |
| ६ | नाता कायम /नाता प्रमाणित | १०० |
| ७ | नाता कायम /नाता प्रमाणित अंग्रेजी | २०० |
| ८ | घरबाटो प्रमाणित कोदारी जाने पक्की राजमार्ग | ५०० |
| ९ | बसोवास प्रमाणित | १०० |

| | | |
|---|---|---|
| १० | आयश्रोत अंग्रेजी/नेपाली प्रमाणित प्रतिलाख १०० विद्यार्थीलाई ५० प्रतिशत छुट | १०० |
| ११ | अचल सम्पति मुल्यांकन अंग्रेजी/नेपाली प्रतिलाख १०० विद्यार्थीलाई ५० प्रतिशत छुट | १०० |
| १२ | ना. प्र. प प्रमाणित सर्जमिन | १०० |
| १३ | आवादी जग्गाको रुख कटान/घरेलु सर्जिमिन/प्रति रुख | ५० |
| १४ | मितेरी पास सिफारिस शुल्क | ५० |
| १५ | घटना दर्ता सेवा शुल्क जन्म दर्ताको हकमा ३५ दिन भित्र आएका निशुल्क | ० |
| १६ | घटना दर्ता सेवा शुल्क जन्म दर्ताको हकमा ३५ दिन पछि आएका सशुल्क | ५० |
| १७ | नाम, थर, जन्म मिति प्रमाणित | ५० |
| १८ | घरसारको सिफारिस गाँउपालिका भित्र | ५० |
| १९ | घरसारको सिफारिस गाँउपालिका बाहिर | १०० |
| | सुकुम्वासी आयोग गठन भई सिफारिस गर्नुपर्ने अवस्थामा जग्गा दर्ता सिफारिस | |
| १ | अव्वल रु | ५० |
| २ | दोयम रु | ५० |
| ३ | सीम रु | ५० |
| ४ | चाहार रु | ५० |
| ५ | जग्गा नामसारी सिफारिस प्रति रोपनी | १०० |
| ६ | सिफारिस प्रतिलिपि दस्तुर | ५० |
| ७ | खानेपानी धारा जडान सिफारिस | ५० |
| ८ | अन्य सिफारिस | ५० |
| | नक्शापास दस्तुर | |
| १ | निवेदन | ५० |
| २ | सर्जमिन दस्तुर | १०० |
| ३ | नक्शापास पुस्तक बिक्री दस्तुर | १००० |
| ४ | घर नक्शा नामसारी दस्तुर | ५०० |
| ५ | घर नक्शापास दस्तुर प्रति वर्ग फुट/ ग्रामीण व्यवसायीक प्रकृतिको हकमा रु ५ प्रति वर्ग फुट | २ |
| ६ | घर नक्शा पास दस्तुर प्रति वर्गफिट राजमार्ग | ५ |
| ७ | ५०० वर्गफिट भन्दा कम क्षेत्रफल भएको घरको हकमा न्युनतम | २०० |
| ८ | नक्शा प्रमाणित दस्तुर | ५०० |

| | | |
|---|---|---|
| | घटना दर्ता शुल्क | |
| १ | जन्म दर्ता | ५० |
| २ | विवाहा दर्ता | ५० |
| ३ | मृत्यु दर्ता | ५० |
| ४ | वसाई सराई | ५० |
| ५ | सम्बन्ध विच्छेद | ५० |
| ६ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी शुल्क | १०० |
| | पटके सवारी साधन एवं पर्यावरण सडक मर्मत शुल्क | |
| १ | ट्रेक्टर | ५० |
| २ | ट्रक/टिपर नेपाली नम्बर प्लेट | १०० |
| ३ | ट्रक/टिपर भारतीय नम्बर प्लेट | १०० |
| ४ | जीप/कार | ५० |
| ५ | बस | १०० |

अन्य सिफारिस तथा शुल्क

| सिनं | सेवा दस्तुरका शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | जग्गा नामसारी | |
| क | ५ रोपनी सम्म | १५० |
| ख | ५ रोपनी देखी १० सम्म | २०० |
| ग | १० रोपनी देखी २० सम्म | २५० |
| घ | २० रोपनी देखी ५० सम्म | ३०० |
| ङ | ५० रोपनी माथि | ५०० |
| २ | मोही लागत कट्टा | |
| क | १ रोपनी सम्म | १५० |
| ख | १ रोपनी माथि | २०० |
| ३ | घर कायम सिफारिस प्रति वर्ग फिट | |
| क | पक्की घर | ५ |
| ख | कच्ची घर | ३ |
| ४ | स्थायी वा अस्थायी वसोवास सिफारिस | १५० |

| | | |
|---|---|---|
| ५ | अविवाहित प्रमाणित सिफारिस | १५० |
| ६ | २०३९ अघिको व्यक्तिगत घटना प्रमाणित सिफारिस | १५० |
| ७ | व्यवसाय प्रमाणपत्र काम नलाग्ने, च्यातिएको, नाम संसोधन, नामसारी गरीएको प्रतिलिपी लिएमा | ५०० |
| | नागरिकता सिफारिस | |
| १ | वंशज | १०० |
| २ | अंगीकृत | ५०० |
| ३ | गाँउपालिका क्षेत्र भित्र मेला सर्कश सञ्चालनको लागि प्रतिदिन | १००० |
| ४ | उद्योग ठाँउसारी सिफारिस | १००० |
| ५ | व्यवसाय खारेजी सिफारीस | ५०० |
| ६ | निजि क्षेत्रको क्याम्पस वा उच्च शिक्षा परिषदको लागि सिफारिस | ३००० |
| ७ | विद्युत नामसारी र मिटर बक्स राख्नको र खानेपानीको लागि सिफारिस | १५० |
| ८ | स्वास्थ्य सेवा, टेक्निकल, इन्स्टीच्युट लागि प्राविधिक व्यवसायी तालिम परिषदको लागि गरिने सिफारीस | ३००० |
| ९ | वैदेशिक रोजगारको लागि तथा सबै प्रकारको अंग्रेजीमा गरिएको सिफारिस | २०० |
| १० | व्यवसाय तथा उद्योग स्थापनाको लागि घरेलु तथा साना उद्योग विकास समित र अन्य क्षेत्रमा सिफारिस | १५० |
| ११ | नाता प्रमाणित सिफारिस | १०० |
| १२ | वैदेशिक चरित्रको सिफारिस पासपोर्ट नं भएमा | ३०० |
| १३ | स्वदेसी चरित्रको सिफारिस | १५० |
| १४ | विभिन्न संघ संस्था दर्ता तथा नविकरण सिफारिस | ५०० |
| १५ | छात्रवृत्ति सिफारिस | १०० |
| १६ | विपन्न असाय छात्रवृत्ति सिफारिस | ० |
| १७ | दुवै नाम भएको वा जन्म मिति फरक भएको सिफारिस | १५० |
| १८ | नावालक प्रमाणित | १०० |
| | हकवाला वा संरक्षक सिफारिस | |
| क | व्यक्तिगत | १५० |
| ख | संस्थागत | ५०० |
| १९ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १५० |
| २० | जग्गा धनीपुर्जा हराएको र फोटो टास सिफारिस | १५० |
| २१ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित | ५०० |
| २२ | आर्थिक अवस्था विपन्नता प्रमाणित | १५० |

| | | |
|---|---|---|
| २३ | गाँउपालिकाले मुद्दामामिला मिलाए वापत बक्सौनी दस्तुर | ५०० |
| २४ | छुट जग्गा दर्ता सिफारिस प्रति कित्ता | १५० |
| | घर सम्पन्न सिफारिस | |
| क | कच्ची घर | १५० |
| ख | पक्की घर | ५०० |
| २५ | विविध सिफारिस | १५० |
| | घर नक्शा नामसारी | |
| क | ० देखी १००० सम्म प्रति वर्ग फुट रु | १ |
| ख | १००१ देखी २००० सम्म प्रति वर्ग फुट रु | १ |
| ग | २००१ देखी ३००० सम्म प्रति वर्ग फुट रु | २ |
| घ | ३००१ देखी ४००० सम्म प्रति वर्ग फुट रु | ३ |
| २६ | व्यवसायमा लगानी वृद्धी गरी प्रतिलिपी प्रमाणपत्र | ५०० |
| २७. | न्यायीक समितको लागि उजुरी दर्ता तथा अन्य उजुरी | १०० |
| २८ | कुनै व्यवसायीले व्यवसाय दर्ता गरी नविकरण नगरी रहेको अवस्थामा सम्बन्धित सक्कल प्रमाणपत्र ल्याई निवेदन दिने र तत्काल चालु आ व सम्मको कर चुक्ता गरे पश्चात मात्र व्यवसाय बन्दको सिफारिस गर्ने | ५०० |
| २९ | व्यवसाय नामसारी गरी प्रमाण पत्र उपलब्ध गराई प्रतिलिपि दिदा | ५०० |
| ३० | प्लटिङको लागि बाटो खोल्ने अनुमति दिदा सेवा शुल्क प्रति रोपनी रु | ३०० |
| ३१ | एकीकृत सम्पत्ती कर प्रतिलिपि रसिद | १०० |
| ३२ | घर नक्शाको फायलमा रहेको कागजको फोटोकपि प्रति पेपर | ५० |
| ३३ | थ्रिफेज लाईन विद्युत उद्योगको लागि सिफारिस | १५०० |
| ३४ | उपभोक्ता समिति दर्ता शुल्क | ३०० |
| ३५ | गैर नाफा मूलक संस्था दर्ता तथा अभिलेखिकरण शुल्क | ५०० |

अनुसूची १२

प्राकृतिक श्रोत उपयोग शुल्क

| सि नं | शीर्षक | दररेट २०७८/०७९ |
|---|---|---|
| १ | नदी तथा वगर जस्ता सार्वजनिक क्षेत्रवाट उत्पादन भइ निकासी हुने नदीजन्य पदार्थ प्रति टिप ठुलो रु | १००० |
| | नदी तथा वगर जस्ता सार्वजनिक क्षेत्रवाट उत्पादन भइ निकासी हुने नदीजन्य पदार्थ प्रति टिप साने रु | ५०० |

| | | |
|---|---|---|
| २ | सार्वजनिक जग्गाको माटो, ढुङ्गा विक्री मुल्य सिफारिस समेत प्रति टिप ठूलो रु | २००० |
| | सार्वजनिक जग्गाको माटो,ढुँगा विक्री मुल्य सिफारिस समेत प्रति टिप साने रु | १००० |
| ३ | निजी जग्गावाट उत्पादन भइ सार्वजनिक क्षेत्र वाट निकासी हुने खानीजन्य पदार्थ | ५०० |

अनुसूची १३

**पर्यटन शुल्क**

गाउँ कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसुची १४

**बहाल विटौरी कर**

गाउँ कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

**अन्य विषेश व्यवस्था**

| विषेश सहुलियत प्राप्त गर्ने वर्ग | | |
|---|---|---|
| महिला सँग सम्बन्धित सिफारिसमा | २५ प्रतिशत छुट | |
| अनाथ, अपाङ्ग, ज्येष्ठ नागरिकको हकमा कुनै शुल्क लाग्ने छैन । | | |
| कृषि उत्पादन बढाउने उध्देश्यले महिला, दलित, आदिवासी जनजातिको नाममा फर्म दर्ता सिफारिसमा | ५० प्रतिशत छुट | |
| माथि उल्लेखित विषय बाहेक अन्यको हकमा साविक गा.वि.स र गाउँपालिकाको निर्णयानुसार र सो नभएमा नेपाल सरकारको निर्णयानुसार हुनेछ । | | |
| गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कुनै पनि कर, शुल्क, भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालु आ.व भित्र नतिरेमा/नबुझाएमा पहिलो बर्षको लागि १० प्रतिशत, दोस्रो वर्ष १५ प्रतिशत र तेश्रो वर्षबाट २० प्रतिशत थप जरिवाना समेत असुल उपर गरिनेछ । | | |

नोट :

१. योजनाहरु, आर्थिक सहायता, निशुल्क स्वास्थ्य उपचार, विपद र जेष्ठ नागरिक भत्ता प्राप्तिका लागि गरिने मन्जुरी नामक सिफारिस आदि सिफारिसहरुमा दस्तुर छुट दिने ।

२. यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरी गाउँ कार्यापालिकाको बैठकको निर्णय बमोजिम हुने ।